# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ढल्केबर, धनुषा
प्रदेश नं. २, नेपाल
(प्रशासन शाखा)


पत्र संख्या :-०७७/०७८
चलानी नं. :-९६०

मिति :-२०७७/११/१२

विषय :- कार्यान्वयन गर्ने बारे ।

श्री वडा कार्यालयहरु सबै,
श्री स्वास्थ्य चौकीहरु सबै,
मिथिला नगरपालिका ।

प्रस्तुत विषयमा श्री स्वास्थ्य सेवा विभाग,नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा, टेकु काठमाण्डौंको च.न. ३९७ मिति ०७७/११/०४ गतेको पत्रको छाँयाकापी यसै पत्रसाथ संलग्न गरिएको छ । उक्त पत्रमा उल्लेख भएअनुसार गर्न/गराउन अनुरोध छ ।

रचिन्द्र डङ्गोल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## स्वास्थ्य सेवा विभाग
## नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा

प.सं. : २०७७/७८
च.नं. : ३९६

पचली, टेकु
काठमाडौं, नेपाल

मितिः २०७७/११/०४

श्री सम्पुर्ण स्थानीय तह,

बिषयः कार्यान्वयन गर्ने बारे ।

प्रस्तुत बिषयमा नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा बाट मिति २०७७ पौष २ र ३ तथा ५ र ६ गते काठमाण्डौंमा र पौष २२ र २३ गते चितवनमा गरेको बिपन्न नागरिक औषधी उपचार कार्यक्रमको प्रभावकारिता सम्बन्धि सरोकारवाला निकायहरु संग अन्तरक्रिया र समिक्षा गोष्ठी बाट तपसिलका समस्या हरु प्रस्तुत भएको हुँदा सो को समाधानको लागि सहयोग गरिदिनु हुन अनुरोध छ ।

तपसिलः

| क.सं. | देखिएको समस्या | समाधानको उपायहरु |
|---|---|---|
| १ | वडा कार्यालयबाट सिधै सिफारिस गरि ल्याउने | • कुनै पनि बिरामी सिफारिसको लागि वडा कार्यलय जादा निज बिरामी वा उसको आफन्तलाई सिफारिसको प्रक्रिया बारे स्पष्ट रुपमा जानकारी गराउनु पर्ने<br>• वडाले अनुसुची -२ बमोजिम सिफारिस गरि पालिकालाई पठाउने र पालिकाले अनुसूची-३ को ढाँचामा माईन्युट बनाई सोहि अनुसूचीमा तोकिएको ढाँचामा पत्र बनाई सुचीकृत अस्पतालमा सिफारिस गरि पठाउने । |
| २ | नागरिकता वा जन्मदर्ता नभएको व्यक्तिलाई पनि सिफारिस भएको | नागरिकता वा जन्मदर्ता नभएको व्यक्तिलाई सिफारिस नगर्ने |
| ३ | अस्पताल र स्थानीय निकाय बीच समन्वयको अभाव | कुनै अस्पतालमा सिफारिस गर्नु पूर्व सो अस्पतालमा उपचार हुने/नहुने साथै हुने भएमा सो रोगको उपचारको लागि शैय्या/हेमोडायलाईसिस मेसिन/सेसनको उपलब्धता यकिन गरेर मात्र पठाउनु पर्ने |

सम्पर्क नं. फोन नं. ०१-५३५१२४२, ५३६२६३२ ५३५११७३ E-mail: nursing2075@gmail.com, socialhealth2075@gmail.com

[illegible]

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# स्वास्थ्य सेवा विभाग
## नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा

प.सं. : २०७७/७८
च.नं. : ३९८

पचली, टेकु
काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| ४ | बिरामीहरुले निर्देशिका विपरीत सेवा लिन खोज्ने | निर्देशिकामा उल्लेख भएको व्यवस्थाबारे बिरामीलाई जानकारी गराउने |
| ५ | स्थानीय तहहरूले विरामीहरूको नागरिकता अनुसारको नाम एवं थर पहिचानमा त्रुटी गरी पठाउने समेत गरेकोले सेवाग्राहीलाई सेवा लिन/दिन समस्या भएको । | विरामीहरूको नागरिकता अनुसारको नाम एवं थर पहिचान गरी स्पष्ट रुपमा उल्लेख गरि पठाउनु पर्ने |
| ६ | धेरै अगाडी लिएका विरामीको नागरिकता प्रमाण पत्र पुरानो भई नागरिकता नम्वर नबुझिने भएकोले गर्दा अनलाईन सिस्टममा नागरिकता नम्बर Upload गर्न समस्या भएको । | • धेरै अगाडी लिएका विरामीको नागरिकता प्रमाण पत्रहरुको लागि नागरिकताको प्रतिलिपि बनाउनको लागि सल्लाह सुझाव दिने<br>• बिरामीको अन्य कुनै कागजातमा नागरिकता नं खुलेको भए सिफारिसमा स्पष्ट रुपमा खुलाउनु पर्ने |
| ७ | बिपन्न नागरिक औषधी उपचार कार्यक्रम blanket approach मा संचालन भएको जसले गर्दा आर्थक रुमा सम्पन्नले समेत सेवा लिईरहेको | स्थानीय तहले बिरामीको आर्थिक अवस्था समेत मुल्याङ्कन गरी यथार्थ बिपन्न यकिन गरेर मात्र सिफारिस गर्ने |
| ८ | स्थानीय तहहरूले एकै विरामीलाई दुई/तीन पटक सम्म सिफारिस गरी पठाउने गरेकोले विरामीले दोहोरो सुविधा लिन सक्ने अवस्था रहेको । | बिपन्न नागरिक औषधी उपचार कार्यक्रम अन्तर्गत सेवा लिएका बिरामीहरुको रेकर्ड चुस्त दुरुस्त रुपमा राखि एकै रोगको लागि एकै बिरामी लाई दोहोर सिफारिस नगर्ने । |

..................
(रोशनी लक्ष्मी तुईतुई)
निर्देशक

बोधार्थ:
श्रीमान् सचीव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।
श्रीमान् महानिर्देशक, स्वास्थ्य सेवा विभाग ।

सम्पर्क नं. फोन नं. ०१-५३५१२४२,५३६२६३२ ५३५११७३ E-mail: nursing2075@gmail.com, socialhealth2075@gmail.com